इस्लाममा मेरो पहिलो दिनको सिलसिला 1



# हामीले वजू कसरी गर्नें ?

वजूको तरिका सचित्र व्याख्या एवम् यस महान्
कार्यको बारेमा केही महत्त्वपूर्ण कुराहरू

# हामीले वजू कसरी गर्नें ?

## वजूको तरिका सचित्र व्याख्या एवम् यस महान् कार्यको बारेमा केही महत्त्वपूर्ण कुराहरू

مركز أصول
OsoulCenter

ح جمعية الدعوة والإرشاد وتوعية الجاليات بالربوة ، ١٤٤٦ هـ

مركز أصول

كيف أتوضأ: شرح مصور لكيفية الوضوء مع وقفات مع هذه الشعيرة العظيمة باللغة النيبالية. / مركز اصول - ط ١. .- الرياض ، ١٤٤٦ هـ

٤٨ ص ؛ ١٤.٨ x ٢١ سم

رقم الإيداع: ١٤٤٦/١٩١٥٩

ردمك: ٩٧٨-٦٠٣-٨٥٤٥-٠٠-٣

■ यस संस्करणलाई तयार र डिजाइन उसुल सेन्टर (Osoul Center) ले गरेको हो।

■ यस उसुल सेन्टरले संकेत गरेका सन्दर्भहरू, स्रोतहरू र मूल पाठलाई परिवर्तन नगर्ने प्रतिबद्धताका साथ कुनै पनि माध्यमबाट संस्करण छाप्न र प्रकाशित गर्न अनुमति दिन्छ।

■ छपाइको लागि उसुल सेन्टर (Osoul Center) द्वारा अपनाइएका गुणस्तरका मापदण्डहरू पालना गर्नुपर्नेछ।

بسم الله الرحمن الرحيم

अत्यन्तै दयावान् एवम् परम कृपालु अल्लाहको नामबाट सुरु गर्दछु ।



# भूमिका

**सबै किसिमका प्रशंसाहरू सम्पूर्ण जगतका पालनकर्ता अल्लाहकै लागि खास छन्, अनि दरूद एवम् सलाम होस् हाम्रा नबी मुहम्मद र उहाँका सबै सन्तान र साथीहरूमाथि .....**

इस्लाम पवित्रता एवम् शुद्धीकरणको धर्म तथा जीवन व्यवस्था हो। यसले शरीर, वस्त्र र स्थानलाई फोहोरबाट सफा गर्ने अनि अनैतिकता र दुर्भावनाबाट आत्मालाई शुद्धीकरण गर्ने आदेश दिन्छ।

अल्लाहले मुस्लिमहरूलाई विभिन्न परिस्थितिहरूमा पवित्रता हासिल गर्न अनिवार्य गर्नुभएको छ, तिनै परिस्थितिहरू मध्येको एउटा हो ‘नमाज’। नमाज इस्लामको आधार अनि भक्त र उसको पालनकर्ता अल्लाहको बीच निकटतम सम्बन्ध पनि हो।

नमाजको महानताको प्रमाण यो हो कि, अल्लाहले यस उपासनामा प्रवेश गर्नु अथवा सुरु गर्नुभन्दा पहिले केही महत्त्वपूर्ण कार्यहरूलाई अनिवार्य गर्नुभएको छ। जस्तै- अजान दिनु, राम्रो लुगा लगाउनु, वजू गर्नु, स्नान एवम् तयम्मुमको माध्यमले पवित्र हुनु आदि।



यसै सम्बन्धमा अल्लाहले भन्नुभएको छः "हे आस्थावान् (ईमानवाला) हरू ! जब तिमीले नमाज पढ्ने इरादा गर्छौ तब मुख र कुहिनासम्म हातहरू धोऊ, अनि आफ्नो टाउकोको मसह (पानीले हात भिजाई निधारदेखि गर्धनसम्म स्पर्श) गर र आफ्ना खुट्टा गोलीगाँठोदेखि पैतालासम्म धोऊ र यदि तिमी अपवित्र छौ भने स्नान गर र यदि तिमी बिरामी छौ वा यात्रामा छौ वा तिमीहरूमध्ये कोही दिसा-पिसाब गरेर आएको छ वा तिमीले पत्नीसँग सहवास गरेका छौ र तिमीलाई पानी उपलब्ध छैन भने पवित्र माटोलाई स्पर्श गरी हात र मुखको मसह (स्पर्श) गर। (सूरतुल्-माइदाः ५/ ६)

अल्लाहको नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः "जब तिमीहरूमध्ये कसैको वजू टुट्छ, उसले पुनः वजू नगरेसम्म अल्लाहले उसको नमाज स्वीकार गर्नुहुन्न।" (बुखारीः ६९५४ मुस्लिमः २२५)

वजूका धेरै श्रेष्ठता र फाइदाहरू छन्। वजू पवित्रता हो, पवित्रता आधा ईमान हो। यसको माध्यमले अल्लाहले भक्तका पापहरूलाई मेटाउनुहुन्छ र भक्तको दर्जालाई उच्च पार्नुहुन्छ। यो जन्नतको बाटो हो, कयामतको दिन मुस्लिमको लागि ज्योति हो, यसबाट शैतानको बन्धन खुल्छ, यसबाट कयामतको दिन मुस्लिमको पहिचान हुनेछ, उनीहरू उज्यालो अनुहारको साथ उठाइनेछन्। उनीहरूका वजूका अङ्गहरू; जस्तैः अनुहार, हातहरू र खुट्टाहरू चम्किरहेका हुनेछन्।

अबू हुरैरा रजियल्लाहु अन्हुद्वारा बयान गरिएको छ, अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयोः "जब कुनै मुस्लिम वा मोमिन भक्तले वजू गर्छ, अनि आफ्नो अनुहार धुन्छ त उसको अनुहारमा रहेका सम्पूर्ण पापहरू जसलाई उसले आँखाले हेरेको हुन्छ, ती सबै पानीको साथमा वा पानीको अन्तिम थोपाको साथमा झरेर जान्छन्, जब उसले आफ्ना हातहरू धुन्छ त हातले गरेका सम्पूर्ण पापहरू पानीको साथमा वा पानीको अन्तिम थोपाको साथमा झरेर जान्छन्, अनि जब खुट्टा धुन्छ त खुट्टाले गरेका सम्पूर्ण पापहरू पानीको साथमा वा पानीको अन्तिम थोपाको साथमा झरेर जान्छन्। यहाँसम्म कि ऊ पापहरूबाट पूर्ण निश्चल र पवित्र हुन्छ।" (मुस्लिम : २४४)

अबू हुरैरा रजियल्लाहु अन्हुद्वारा नै बयान गरिएको छ, उहाँले अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्दै गरेको सुन्नुभयोः "मेरो उम्मतका मानिसहरू कयामतको दिन यस्तो अवस्थामा बोलाइने छन् कि वजूको प्रभावले उनीहरूका अनुहार र हात-खुट्टाहरू चम्किरहेका हुनेछन्।" (मुस्लिमः २४६ )



# विषय सूची

| विषय | | पेज नम्बर |
|---|---|---|
| 1 | इस्लाममा पवित्रता (तहारत) | 11 |
| 2 | नमाजको लागि आवश्यक पवित्रता | 13 |
| 3 | महिलाहरूका लागि विशेष आदेश र नियमहरू | 17 |
| 4 | दिसा-पिसाबको तरिका | 19 |
| 5 | हामीले वजू कसरी गर्ने ? | 23 |
| 6 | जनाबत (अपवित्र भएको अवस्था) मा गुस्ल कसरी गर्ने ? | 34 |
| 7 | पवित्रतासँग सम्बन्धित विशेष परिस्थितिहरू | 35 |
| 8 | मूल्याङ्कन प्रश्नहरू | 40 |



# इस्लाममा पवित्रता (तहारत)

इस्लाममा तहारत (पवित्रता) को धेरै महत्त्व तथा श्रेष्ठता छ र यसको गहिरो अर्थ छ । यो केवल अनुभव गरिने बाहिरी शरीरलाई पानीद्वारा शुद्ध पार्ने कार्यमा मात्र सीमित छैन, बरु यसको अर्थ दृश्य र अदृश्य अथवा भौतिक तथा आध्यात्मिक सबै किसिमका अपवित्रता एवम् फोहरबाट पवित्र गर्नु हो ।

अदृश्य तथा आध्यात्मिक पवित्रता भनेको अल्लाहको साथ शिर्क, गलत आस्था, अन्धविश्वासका कार्यहरूबाट मुक्त हुनु र अनैतिक कार्यहरू जस्तै- ईर्ष्या, घृणा, सही मानिसहरू प्रतिको दुर्भावना, द्वेष, कन्जुसी, विश्वासघात आदि जस्ता गलत भावनाहरूबाट हृदयलाई स्वच्छ तथा खाली राख्नु हो ।

दृश्य तथा भौतिक पवित्रता भनेको देखिने वा महसुस गरिने अपवित्र चीजहरू र अवस्थाहरूबाट पवित्र हुनु हो । जो नमाज, काबाको तवाफ लगायत केही उपासनाहरूका लागि रोकावट बन्छ । यस्तो स्थितिलाई इस्लाममा "हदस" भनिन्छ । हदस वजू वा तयम्मुमबाट समाप्त हुन्छ, यदि "ठूलो हदस" हो भने स्नान (गुस्ल) गर्नु जरुरी हुन्छ ।



# नमाजको लागि आवश्यक पवित्रता

'नमाज' भक्त र उसको प्रतिपालक अल्लाहको बीच वार्तालाप हो । त्यसैले आफ्नो प्रतिपालक अल्लाहको सामु उपस्थित हुँदा मुस्लिमले यथासम्भव राम्रोसँग पवित्र भएर शुद्ध हृदय र पूर्ण श्रद्धाको साथ समर्पित हुनुपर्छ । त्यसैले अल्लाहले मुस्लिमहरूका लागि अनिवार्य गर्दै भन्नुभएको छ: जब उनीहरूले नमाजको इरादा गर्छन् त सबै किसिमका अपवित्रता एवम् फोहोरबाट आफ्नो तन, मन, पोसाक र नमाजको स्थानलाई पवित्र राखुन् ।



**नमाजीले आफूलाई पवित्र गर्न आवश्यक चीजहरू:**

नमाजीले नमाज पढ्न सुरु गर्नुभन्दा पहिले आफूलाई सानो तथा ठूलो अपवित्रता अथवा हदस र फोहोर चीजहरूबाट पवित्र गर्नु जरुरी छ। यसको विस्तृत जानकारी निम्नमा छः

अपवित्रता (हदस): यो एउटा शरीरमा हुने अभौतिक स्थिति हो। यसबाट पवित्र नभएसम्म नमाज पढ्नबाट रोक्छ। यसलाई दुई भागमा विभाजन गरिएको छ:

१ **सानो अपवित्रता (सानो हदस):** यो अपवित्रता दिसा-पिसाब वा अपान वायु (पाद) आदि निस्किएमा, अनि सुतेमा पनि हुन्छ। यो अपवित्रता वज़ू गरेपछि समाप्त हुन्छ।

२ **ठूलो अपवित्रता (ठूलो हदस):** ठूलो अपवित्रतालाई जनाबत पनि भनिन्छ। यो सम्भोग वा वीर्य स्खलनको कारणले हुन्छ। यो अपवित्रता स्नान गरेर वा पुरै शरीरलाई पानीले धोएपछि समाप्त हुन्छ।


बाहिरी अपवित्रता (नजस): बाहिरी अपवित्रता देखिने वा महसुस गरिने फोहोर हो। जस्तै दिसा, पिसाब, रगत इत्यादि। यस्ता फोहोर चीजहरू पनि पानीले राम्रोसँग धोएर नै सफा हुन्छन्।

दिसा-पिसाबलाई नजस (फोहोर) भनिन्छ भने पिसाब गरेपछिको अवस्थालाई हदस (अपवित्रता) भनिन्छ।

नमाज पढ्ने व्यक्ति सबै किसिमका हदस (अपवित्रता) एवम् नजस (फोहोर) बाट पवित्र हुनुपर्छ।

- **यदि सानो अपवित्रता (सानो हदस) छ भने वजू गर्नुपर्छ।**
- **यदि ठूलो अपवित्रता (ठूलो हदस) छ भने स्नान गर्नुपर्छ।**

त्यसैगरी नमाज पढ्ने व्यक्तिले तीन चीजहरूलाई भौतिक फोहोरबाट पवित्र राख्नुपर्छ।





# महिलाहरूका लागि विशेष आदेश तथा नियमहरू

**पवित्रताका आदेशहरू;** महिलाहरूका लागि पनि पुरुषहरूका लागि जस्तै छन्, तर अल्लाहले उनीहरूलाई शारीरिक रूपमा केही प्राकृतिक नियमहरूद्वारा फरक गर्नुभएको छ। जस्तै- उनहरूलाई महिनावारी हुन्छ, उनीहरू गर्भवती हुन्छन् र सन्तानलाई जन्म दिन्छन्, ताकि यस संसारमा मानवको वंश सिलसिला जारी रहोस्। यो सर्वशक्तिमान् अल्लाहको नियम एवम् तत्त्वज्ञानको कुरा हो। इस्लामी शरिअतले महिलाको शारीरिक र मनोवैज्ञानिक गठनलाई विशेष ख्याल गरेको छ, त्यसैले महिनावारी र सुत्केरीको समयमा उनको शरीरबाट रक्तस्राव बन्द नभएसम्म नमाजमा छुट दिएको छ। यी दुई अवस्थामा महिलाले नमाज पढ्नु पर्दैन। महिनावारी वा सुत्केरी अवस्थाको रगत बन्द भएपछि अथवा समयावधि पुरा भएपछि नमाज र अन्य उपासनाको लागि उनीहरूले अनिवार्य रूपमा स्नान (गुस्ल) गर्नुपर्छ।

यदि कुनै महिलाले आफ्नो टाउकाको कपाललाई चुल्ठो बनाएर बाँधेकी छिन् भने जनाबत, महिनावारी (हैज), सुत्केरी (निफास) आदिको लागि स्नान गर्दा चुल्ठो बाँधेकै अवस्थामा पानी सबै कपालका जराहरूसम्म पुग्छ भने चुल्ठो खोल्नु अनिवार्य छैन।





# दिसा-पिसाबको तरिका

इस्लामले मुस्लिमको जीवनका सबै पक्षहरूलाई व्यवस्थित र अनुशासित गरेको छ, ताकि उसको जीवन शैली जनावरहरूको जीवन शैलीभन्दा फरक र उच्च तरिकामा स्थापित होस् । इस्लाम धर्मको बारेमा जानकारी नभएका मानिसहरूले यस्ता कुराहरूको बारेमा कल्पना पनि गरेका हुँदैनन् । उदाहरणको लागि: दिसा-पिसाबको तरिका र सरसफाइ; जो सबै मानिसहरूको दैनिकी कार्य अन्तर्गत पर्छ ।

## इस्लाममा दिसा-पिसाब गर्ने शिष्टाचार:

- शौचालयमा प्रवेश गर्दा यो दुआ पढ्दै पहिले बायाँ खुट्टा भित्र गर्नुपर्छ: **“अल्लाहुम्म इन्नी आऊजु-बिक मिनल-खुबुसि वल्-खबाइस्”** (अर्थः हे अल्लाह ! दुष्ट पुरुष जिन्नहरू र स्त्री जिन्नहरूबाट म तपाईंको शरणमा पर्छु ।)

- शौचालयबाट बाहिर आउँदा पहिले दायाँ खुट्टा बाहिर निकाल्दै यो दुआ पढ्नुपर्छ: **“गुफ्-रानक”** (अर्थः हे अल्लाह ! म तपाईंसँग क्षमा चाहन्छु ।)

- दिसा-पिसाब गर्दा किब्लातिर फर्केर वा फर्काएर गर्नुहुँदैन, खासगरी बाहिर खुला मैदानमा दिसा-पिसाब गर्दा यस मामिलामा विशेष ध्यान दिनुपर्छ ।

- दिसा-पिसाब गर्दा मानिसहरूको नजरबाट गुप्ताङ्गलाई पर्दा गर्नुपर्छ, चाहे शौचालयमा होस् वा शौचालय बाहिर होस् ।

- हिँड्ने बाटो, बस्ने चौतारी, रूखको छहारी आदि जस्ता ठाउँहरूमा दिसा-पिसाब गर्नुहुँदैन, किनभने त्यहाँ मानिसहरूलाई कष्ट हुन्छ ।


- रोकिएको वा जम्मा भएको पानीमा पनि दिसा-पिसाब गर्नुहुँदैन ।

- जीवजन्तु तथा कीराहरू बस्ने प्वालहरूमा पनि दिसा-पिसाब गर्नुहुँदैन ।

- सकेसम्म बसेर दिसा-पिसाब गर्नुपर्छ अनि आफ्नो शरीर र लुगाहरूलाई दिसा-पिसाबका छिटाहरूबाट बचाउनुपर्छ ।

दिसा-पिसाब गरेपछि बायाँ हातले इस्तिन्जा वा इस्तिज्मार गर्नुपर्छ । "इस्तिन्जा" भनेको दिसा-पिसाब निस्कने ठाउँलाई पानीले धुनु हो । "इस्तिज्मार" भनेको दिसा-पिसाब निस्कने ठाउँलाई ढुङ्गा, माटोको डल्ला वा टिस्यु पेपर आदिले पुछ्नु हो ।

**दिसा-पिसाब गरिसकेपछि इस्तिन्जा वा इस्तिज्मार कुनै एउटा मात्र गर्नु पनि पर्याप्त हुन्छ र यदि दुबै चीज एकसाथ गरिन्छ भने यो पनि जायज छ । यो इस्लामको सहजता हो ।**



इस्लामले मुस्लिमहरूलाई व्यक्तिगत सरसफाइमा पनि विशेष ध्यान दिन आदेश दिन्छ । जस्तै- दिसा-पिसाब पश्चात् दुबै हातहरूलाई पानी अथवा अन्य स्वच्छता प्रदान गर्ने वस्तुहरूलाई प्रयोग गरेर सरसफाइ गर्न आदेश दिन्छ ।



# हामीले वजू कसरी गर्ने ?

## वजू गर्ने सही तरिका चित्रसहित व्याख्या

**वजू गर्नुभन्दा पहिले निम्न कुराहरूबारे जानकारी हुनु आवश्यक छः**


- नियत बिना वजू हुँदैन, इख्लास (हृदयको शुद्धता) बिना नियत सही हुँदैन, त्यसैले नियत हृदयबाट हुन्छ, मुखले बोलेर हुँदैन ।

- वजूका अङ्गहरू धुँदा क्रमबद्ध रूपमा धुनुपर्छ र लगातार धुनु पनि जरुरी छ। त्यसैले नत हामीले वजूका अङ्गहरू धुने क्रममा अघिपछि गर्न मिल्छ न एक अङ्गपछि अर्को अङ्गलाई धुँदै गर्दा ढिलो गरेर धुन मिल्छ।

**बारकोड स्क्यान गरेर वजूको तरिका सम्बन्धी सबै शैक्षिक सामग्री हेर्नुहोस् ।**



१ **नियत:** नियत: वजू गर्दा हामीले सबैभन्दा पहिले नियत गर्नुपर्छ । नियत हामीले हृदयबाट गर्नुपर्छ, मुखले बोलेर होइन । यदि अपवित्रता हटाउन वा कुनै उपासनाको लागि वजू गरिन्छ भने नियत नगरिकन वजूका अङ्गहरू धोएमा सही हुँदैन । नियत बिना नै वजू गर्दा साधारण हात खुट्टा वा मुख धोएको सरह मानिन्छ । त्यसैले हामीले नियत अल्लाहको प्रसन्नताको लागि खास गर्नुपर्छ ।



२ **बिस्मिल्लाह पढ्ने:** हामीले वजू सुरु गर्दा बिस्मिल्लाह भनेर मात्र सुरु गर्नुपर्छ । यदि सम्भव छ भने वजू सुरु गर्नुभन्दा पहिले मुख तथा दाँतहरू सफा गर्नको लागि मिस्वाक (दतिवन) गर्नु उत्तम हो ।



३

**दुबै हातहरूलाई धुने:** त्यसपछि हामीले दुबै हातलाई नाडीसम्म तीन पटक धुनुपर्छ, हातलाई धुँदा औँलाहरूका टुप्पादेखि नाडीसम्म धुनुपर्छ ।

## ४ मुख कुल्ला गर्ने र नाकमा पानी हालेर सफा गर्ने:

- **कुल्ला गर्ने:** कुल्ला गर्नुको तात्पर्य मुखमा पानी हालेर मुखमा पानीलाई यताउता हल्लाएर बाहिर फ्याँक्नु हो ।

- **नाकमा पानी हाल्ने:** दायाँ हातमा पानी लिएर श्वासले नाकभित्र तान्नु ।





- **नाक झार्ने :** यसको तात्पर्य नाकले खिचेको पानीलाई बायाँ हातले झार्नु हो ।

- **यदि रोजाको हालतमा छैन भने,** खुब मज्जाले कुल्ला गर्नु र जोडसँग नाकले पानी तानेर झार्नु सुन्नत हो ।

- **कुल्ला गर्ने र नाकमा पानी हाल्ने दुई तरिका छन्:**

  - **एकसाथ पानी हाल्ने:** दायाँ हातमा पानी लिएर आधा पानी कुल्ला गर्नको लागि मुखमा हाल्ने र बाँकी आधा पानी नाकले तान्ने । यसरी तीन पटकसम्म गर्ने ।

  - **अलग-अलग पानी हाल्ने:** मुख कुल्ला गर्नको लागि अलग तीन पटक पानी लिने र नाकमा हालेर सफा गर्नको लागि पनि अलग तीन पटक पानी लिने ।



५ **पुरै अनुहारलाई धुने:** अनुहारको भाग लम्बाइमा निधारमाथि कपाल उम्रिएको ठाउँदेखि तल चिउँडोसम्म हो, अनि चौडाइमा एक कानदेखि अर्को कानसम्म हो ।







- अनुहारलाई धुँदा यस अन्तर्गत पर्ने सबै रौँहरू; जस्तै- दाह्रीका रौँहरू, जुँगाका रौँहरू, दुबै आँखीभौँका रौँहरू, परेलाका रौँहरू र ओठ मुनि उम्रिएका रौँहरूलाई धुनु वा भिज्ने गरी मल्नु अनिवार्य छ ।

६

**दुबै हातहरूलाई कुइनोसम्म धुने:** हातहरू धुँदा पहिले दायाँ हातका औँलाहरूको किनारादेखि धुन सुरु गर्नुपर्छ । दुबै हातका औँलाहरूलाई एक-अर्का भित्र घुसारेर कापसम्म पानी पुग्ने गरी मल्नुपर्छ अनि कुइनोसम्म पानी पुर्याएर धुनुपर्छ । त्यसपछि बायाँ हातलाई पनि त्यसैगरी धुनुपर्छ । हातहरूलाई पनि तीन-तीन पटक धुनुपर्छ ।







७ **टाउकोलाई मसह गर्ने:** हातहरू धोइसकेपछि पुनः दुबै हातलाई पानीमा भिजाउनुपर्छ, त्यसपछि भिजेका दुबै हातलाई टाउकोको अघिल्लो भागमा राखेर पछाडी गर्धनसम्म पुछदै लैजानुपर्छ, अनि पुनः त्यहाँबाट फर्काएर सुरु गरेको ठाउँसम्म ल्याउनुपर्छ । साधारणतया टाउकोमा कपाल उम्रने ठाउँ पुरै टाउको अन्तर्गत पर्छ; पछि चाहे त्यहाँ कपाल होस् वा नहोस् ।







**दुबै कानहरूलाई मसह गर्ने:** टाउकोलाई मसह गरिसकेपछि तिनै भिजेका औँलाहरूले कानको मसह गर्नुपर्छ। कानको मसह गर्दा दुबै हातका चोर औँला दुबै कानका प्वालमा हालेर पुछ्ने अनि बुढी औँलाले कानको पछाडिको भागलाई पुछ्ने। यसरी हामीले कानको भित्री र बाहिरी दुबै भागको मसह गर्नुपर्छ।

टाउको र कानको मसह एक पटक मात्र गर्नुपर्छ।









९ **दुबै खुट्टालाई धुने:** खुट्टाहरू धुँदा पहिले दायाँ खुट्टोलाई औँलाहरूका किनारादेखि गोलीगाँठोसम्म पुरै खुट्टा धुनुपर्छ । औँलाका बीचमा भिज्ने गरी खिलाल गर्नु (मल्नु) पर्छ । खुट्टाहरू धुँदा दुबै पैतालाका माथिल्ला भाग र कुर्कुच्चा माथिका भागमा सुक्खा नरहोस् भनी विशेष ध्यान दिनुपर्छ । यसैगरी बायाँ खुट्टोलाई पनि धुनुपर्छ ।







१० **जिक्र तथा दुआ:** वजू गरिसकेपछि निम्नलिखित दुआ पढ्नु सुन्नत हो:

**"अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्-दहु ला शरीक-लहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु"** (अर्थः म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कोही साझेदार छैन र म गवाही दिन्छु, मुहम्मद ﷺ उहाँको भक्त र सन्देशवाहक हुनुहुन्छ ।)

उपर्युक्त दुआको साथमा यो पनि पढ्न सक्छौं:

**"अल्लाहुम्मज्-अल्नी मिनत्तौवाबीन वज्-अल्नी मिनल् मुततह्-हिरीन"** (अर्थः हे अल्लाह ! मलाई अत्याधिक क्षमायाचना गर्नेहरू र अत्याधिक पवित्र रहनेहरूमध्ये बनाउनुहोस् ।)

अथवा यसलाई पनि पढ्न सक्छौं:

**"सुब्हानक-ल्लाहुम्म वबिहम्दिक अश्हदु अल्ला इलाह इल्ला अन्त, अस्तग्फिरुक व अतूबु इलैक"** (अर्थः हे अल्लाह ! तपाईं पवित्र हुनुहुन्छ, अनि तपाईंकै लागि सबै प्रशंसाहरू छन् । म गवाही दिन्छु तपाईंबाहेक कोही सत्य पूजनीय छैन र म तपाईंसँग क्षमा चाहन्छु, अनि तपाईंसँग प्रायश्चित गर्छु ।)

## केही महत्त्वपूर्ण कुराहरू:

१. टाउको र कानको मसह एक-एक पटक मात्र गर्नुपर्छ । वजूका बाँकी अङ्गहरूलाई तीन-तीन पटक धुनु उत्तम हो, तर दुई-दुई वा एक-एक पटक पनि धुनु जायज छ । कम्तीमा एक-एक पटक अवश्य धुनुपर्छ ।

२. वजूका अङ्गहरू धुने बेलामा क्रमबद्ध रूपमा धुने कार्यलाई विशेष ध्यान दिनुपर्छ । पहिले धुने अङ्गलाई पछि र पछि धुनेलाई पहिले धुने गर्नुहुँदैन।

३. अङ्गहरूलाई धुँदा निरन्तर धुनुपर्छ । कुनै एउटा अङ्गलाई धोइसकेपछि अर्को अङ्गलाई धुन ढिलो गर्नुहुँदैन ।

## जनाबत (अपवित्र भएको अवस्था) मा गुस्ल कसरी गर्ने ?

जनाबतको गुस्ल (स्नान) का दुई तरिका छन्; एउटा वाजिब (अनिवार्य) तरिका अर्को पूर्ण तरिका ।

**अनिवार्य तरिका यस प्रकार छ :**

१. आफूबाट अपवित्रता (जनाबत/ हदस) हटाउने उद्देश्यले हृदयमा नियत गर्ने ।
२. कुल्ला गर्ने, नाकमा पानी हालेर झार्ने र पुरै शरीरमा पानी हालेर धुने ।

**पूर्ण स्नानको तरिकामा वाजिब (अनिवार्य) र मुस्तहब (उत्तम) दुबै कुराहरूलाई ध्यानमा राखेर सुन्नत तरिकाले स्नान गरिन्छ । जो यस प्रकार छ:**

१. सबैभन्दा पहिले आफ्ना दुबै हातहरूलाई धुने ।
२. आफ्नो गोप्य अङ्गमा पानी हालेर त्यसलाई बायाँ हातले धुने ।
३. पूर्ण रूपमा वजू गर्ने तर खुट्टाहरूलाई स्नान पछि पनि धुन सकिन्छ ।
४. टाउकोमा तीन पटक तीन चुल्लु (अञ्जली) पानी हालेर जरैसम्म भिज्नेगरी मल्ने ।
५. यदि महिलाले आफ्नो कपालको चुल्ठो बनाएर बाँधेकी छिन् भने जनावत (अपवित्रता), महिनावारी वा सुत्केरीको अवस्थाबाट पवित्र हुँदा नुहाउने क्रममा कपालको चुल्ठोलाई खोल्नु जरुरी छैन, तर पुरै टाउको र कपालका जराहरूसम्म पानी पुगेको र भिजेको हुनुपर्छ । तर चुल्ठो खोलेर धुनु उत्तम हो ।
६. शरीरको दायाँ भागलाई पुरै धुने ।
७. अनि बायाँ भागलाई पनि पुरै धुने । पहिले खुट्टा नधोएको क्रमशः दायाँ र बायाँ भए खुट्टाहरू धुने ।

## पवित्रता सम्बन्धी विशेष परिस्थितिहरू

### तयम्मुम :


इस्लाम सहजता र सरलताको धर्म हो । यसमा पाइने कैयौँ सहजताहरू मध्येको एउटा सहजता तयम्मुम पनि हो, यसलाई पानीको विकल्पको रूपमा प्रस्तुत गरिएको छ । यदि कुनै मुस्लिमले वजू र गुस्ल जस्ता कार्यको लागि पानी पाउन सकेन भने, वा यात्राको अवस्थामा पर्याप्त पानी छैन भने, पानी किन्ने ठाउँ वा बेच्ने व्यक्ति पनि मिलेन भने वा अधिक मूल्य भएको कारण किन्न सक्ने क्षमता छैन भने तयम्मुम गर्न जायज छ ।

त्यसैगरी कुनै व्यक्ति रोग-व्याधिको कारण पानी प्रयोग गर्न सक्षम छैन भने वा असक्त अवस्थामा उसलाई वजू वा गुस्ल गराउने व्यक्ति छैन भने वा धेरै ठन्डीको कारण पानी प्रयोग गर्न सक्ने अवस्था छैन भने वा पानी प्रयोग गर्दा हानि हुन्छ भने वा अन्य कुनै बाध्यता छ भने त्यस्तो व्यक्तिले पवित्रताको लागि तयम्मुम गर्नु जायज छ । तयम्मुम भनेको पवित्रता प्राप्त गर्नको लागि पानीको सट्टा माटो प्रयोग गर्नु हो । तयम्मुम वजू वा गुस्लको सट्टामा गरिन्छ ।

### तयम्मुम कसरी गर्ने ?

तयम्मुम गर्दा सबैभन्दा पहिले आफ्नो मनमा तयम्मुमको नियत गर्नुपर्छ, त्यसपछि बिस्मिल्लाह भनी आफ्ना दुबै हातलाई पवित्र माटोमा राख्नुपर्छ, अनि त्यसपछि पुरै अनुहार र दुबै हातहरूलाई मसह गर्नुपर्छ ।

सानो र ठूलो हदस (अपवित्रता) को लागि तयम्मुमको तरिका एउटै हो । तयम्मुम गरिसकेपछि वजूद्वारा पवित्र भई गर्नुपर्ने सबै उपासनाहरू गर्न सकिन्छ । जब पानी पाइन्छ वा मानिस पानी प्रयोग गर्न सक्षम हुन्छ तब तयम्मुम आदेश समाप्त हुन्छ । पानी प्राप्त भएमा वा प्रयोग गर्न सक्षम भएमा पवित्रताको लागि पानी प्रयोग गर्नु अनिवार्य हुनजान्छ ।





**छाला वा कपडाको मोजामाथि मसह:**

यदि कुनै मुस्लिम व्यक्तिले छाला वा कपडाको मोजा लगाएको छ भने वजू गर्दा त्यसलाई निकाल्नु जरुरी छैन, बरु वजू गर्दै जाँदा खुट्टा धुने बेलामा धुनुको साटो मोजा लगाएको अवस्थामै मोजामाथि भिजेका हातले मसह गरे पुग्छ । तर यसको लागि सर्त यो छ कि मोजा पवित्रता (वजू) गरिएको हालतमा लगाएको हुनुपर्छ । त्यस्तो पवित्रता (वजू) जसमा उसले आफ्ना दुबै खुट्टाहरूलाई धोएको होस् । नत्र भने वजू गर्दा उसले मोजा खोलेर खुट्टा धुनु जरुरी छ ।

आफ्नै घरमा वा बस्तीमा भएको व्यक्तिको लागि एक दिन र एक रात मोजामा मसह गर्न छुट छ भने यात्रुको लागि तीन दिन र तीन रातसम्म मसह गर्न छुट छ ।



**मुकिम (आफ्नो क्षेत्रमा बसेको व्यक्ति) :**

मुकिमले एक दिन र एक रात मसह गर्न सकिन्छ ।



**मुसाफिर (यात्री) :**


यात्रीले तीन दिन र तीन रातसम्म मसह गर्न सकिन्छ ।



**पट्टी (जबीरा) माथि मसह:**

अरबी भाषामा जबीरा भनेको टुटफुट भएका, भाँचिएका अङ्गहरू वा घाउमा बाँधिने पट्टीलाई भनिन्छ। यदि त्यस्तो पट्टी वजू गर्दा धुनुपर्ने अङ्गमा छ भने वजू गर्दा त्यसमाथि भिजेको हातले मसह गर्नु जायज छ। यसको अवधि तब समाप्त हुन्छ जब पट्टी बाँध्ने आवश्यकता पर्दैन। यसको लागि वजू गरेको वा पवित्र भएको अवस्थामा पट्टी बाँधेको हुनुपर्छ भन्ने सर्त पनि छैन।

यदि वजूका अङ्गहरू मध्ये कुनै अङ्गमा अलिकति भाग खुला छ भने र त्यसलाई पानीले धुँदा कुनै हानि हुँदैन भने त्यसलाई धुनुपर्छ, अनि बाँकी पट्टी बाँधिएको भागमा मसह गर्नुपर्छ।



# अन्त

अल्लाहले जुन आयतमा वजू, गुस्ल र तयम्मुमको आदेश दिनुभएको छ त्यसको अन्त्यमा भन्नुभएको छ:

"अल्लाहले तिमीहरूलाई कुनै किसिमको कठिनाइमा पार्न चाहनुहुन्न; बरु उहाँले तिमीहरूलाई पवित्र गर्न चाहनुहुन्छ अनि तिमीहरूमाथि आफ्नो नेअमत (वरदान) पुरा गर्न चाहनुहुन्छ। ताकि तिमीहरू कृतज्ञ बन।" (सूरतुल्-माइदा : ६)

भनाइको तात्पर्य : अल्लाहले तिमीहरूमाथि नमाजको लागि वजू र जनाबतको हालतमा भए गुस्ल अनिवार्य गर्नुभएको छ, त त्यसको लागि असक्षम भएमा वा अप्ठ्यारो परिस्थिति सृजना भएमा तिमीहरूलाई तयम्मुमको आदेश दिनुभएको छ ।

यस्तो गरेर अल्लाहले तिमीहरूलाई कुनै कठिनाइमा पार्न चाहनुहुन्न। उहाँले त चाहनुहुन्छ तिमी पवित्र होऊ। उहाँले तिमीलाई भौतिक र आध्यात्मिक अपवित्रताबाट पवित्र गर्न चाहनुहुन्छ, अनि तिमीहरूमा लागेको फोहोर, अपवित्रता र पापहरू हटाउन चाहनुहुन्छ । त्यसैगरी यसको माध्यमद्वारा अल्लाहले तिमीहरूमाथि आफ्नो वरदानलाई पुरा गर्न चाहनुहुन्छ, किनभने उहाँले सरल आदेश दिनुभएको छ, उच्च नैतिक आचरणलाई अपनाउने आदेश दिनुभएको छ अनि महान् जिम्मेदारीहरू पनि प्रदान गर्नुभएको छ। ताकि तिमीहरूले उहाँका वरदानहरू, उपकारहरू र धार्मिक प्रावधानहरू पाए बापत उहाँप्रति कृतज्ञ बन र धन्यवाद व्यक्त गर। यदि तिमीहरूले उहाँप्रति कृतज्ञ बन्दै धन्यवाद व्यक्त गर्छौ भने उहाँले तिमीहरूलाई अझ बढी वरदान र उपहार प्रदान गर्नुहुनेछ।

मैले जानेको यही हो, अल्लाह सबैभन्दा उत्तम जानकार हुनुहुन्छ । अल्लाहको तर्फबाट दरूद र सलाम अवतरण होस् उहाँको अन्तिम नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि ।



# मूल्याङ्कन प्रश्न

## १ (सही) वा (गलत) निसानी लगाउनुहोस्:

- [ ] इस्लाममा पवित्रता लुगा, शरीर र स्थानमा मात्र सीमित छ।
- [ ] वजूले भक्तका पापहरू मेटाइदिन्छ जुन उसका आँखा, हात वा खुट्टाले गरेक थिए।
- [ ] महिनावारी भएको महिलाले रोजा छोड्न छुट छ, तर नमाज छोड्न छुट छैन।
- [ ] मुखमा पानी हालेर हल्लाएर थुक्नुलाई इस्तिन्शाक भनिन्छ।
- [ ] हातमा एक चुल्लु (अञ्जली) पानी लिएर एकै पटकमा आधा पानीले मुख कुल्ला गर्न र आधा नाकमा हालेर सफा गर्न जायज छैन्।
- [ ] वजूमा अनुहार धुँदा, निधारलाई धुनु आवश्यक छैन।
- [ ] वजू गर्ने व्यक्तिले सामान्यतया गर्ने गल्तीहरू मध्ये एउटा हो, उसले आफ्ना खुट्टाहरू धुँदा खुट्टाका पछिल्ला भाग धुन बिर्सन्छ।
- [ ] जनावतको अनिवार्य गुस्लको तरिका हो- कुल्ला गर्ने, नाकमा पानी हालेर झार्ने र पुरै शरीरमा पानी हालेर धुने।
- [ ] सानो हदस (अपवित्रता) मा तयम्मुमको तरिका र ठूलो हदस (अपवित्रता) मा तयम्मुमको तरिका फरक-फरक छन्।
- [ ] मोजाहरूमा मसह गर्ने सर्तहरूमध्ये एक तिनीहरूलाई वजूको अवस्थामा लगाउनु हो।
- [ ] आवश्यकता परिरहेसम्म पट्टीमाथि मसह गर्नु जायज छ।

**२** **नमाजको लागि वजू अनिवार्य छ भन्ने कुनै प्रमाण दिनुहोस् ।**

.....................................................................................................

.....................................................................................................

**३** **यदि कुनै मुस्लिमले बिर्सेर बिना वजू नमाज पढ्छ भने उसको नमाज :**

☐ मान्य हुन्छ ☐ मान्य हुँदैन

**४** **सही उत्तर चयन गर्नुहोस् :**

१- पवित्रता आवश्यक पर्ने उपासनाका कार्य :

☐ रोजा ☐ नमाज ☐ अल्लाहको जिक्र (स्तुति)

२- दिसा-पिसाब निस्कने ठाउँलाई ढुङ्गा, माटोको डल्ला वा टिस्यु पेपरले पुछने कामलाई भनिन्छ :

☐ इस्तिन्जा ☐ इस्तिज्मार ☐ इस्तिन्सार

# मूल्याङ्कन प्रश्न

**५** वजूका तीनवटा श्रेष्ठता बयान गर्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

**६** निम्नलिखित भनाइहरूलाई पुरा गर्नुहोस् :

१. नमाजीले नमाज पढ्न सुरु गर्नु भन्दा पहिले आफूलाई .................................. र ............... .................. बाट पवित्र गर्नु जरुरी छ ।

२. इस्लाममा दिसा-पिसाब गर्ने शिष्टाचारहरू मध्येका हुन् :

..........................................................................................................................

..........................................................................................................................

३. हामीले वजू सुरु गर्दा ............................................ भनेर मात्र सुरु गर्नुपर्छ । यदि सम्भव छ भने वजू सुरु गर्नु भन्दा पहिले मुख सफा गर्नको लागि .................................. गर्नु उत्तम हो ।

४. आफ्नै घरमा वा बस्तीमा भएको व्यक्तिको लागि मोजामा मसह गर्ने अवधि ............................ ........... हो र यात्रुको लागि ............................................ हो ।

**७** इस्लामले भौतिक र आध्यात्मिक पवित्रताको विषयमा बताएको छ; प्रत्येकका एक-एक वटा उदाहरण प्रस्तुत गर्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

८ नजस अथवा फोहोर भनेको के हो ?

......................................................................................................................................................

......................................................................................................................................................

९ इस्तिन्शाक र इस्तिन्सारमा के फरक छ ?

......................................................................................................................................................

......................................................................................................................................................

१० के तपाईंलाई वजू गरेपछि पढिने दुआ याद छ ? याद छ भने लेख्नुहोस् ।

......................................................................................................................................................

......................................................................................................................................................

......................................................................................................................................................

११ गुस्ल (स्नान) को उत्तम तथा परिपूर्ण तरिका के हो ?

......................................................................................................................................................

......................................................................................................................................................

......................................................................................................................................................

१२ नमाजको समय भइसकेको छ र वजू गर्नको लागि पानी उपलब्ध हुन सकेन भने के गर्न ?

......................................................................................................................................................

......................................................................................................................................................

# वजू इस्लामको एउटा महत्त्वपूर्ण प्रतीक हो

वजू इस्लाम धर्मको एउटा महत्त्वपूर्ण प्रतीक अनि अपवित्रताबाट पवित्र हुने र पापहरू मेटाउने माध्यम पनि हो भन्ने कुरा सबै मुस्लिमहरूलाई थाहा नै छ । मुस्लिमहरूलाई कयामतको दिन जब जीवित पारेर उठाइने छ, त्यसबेला उनीहरूका वजूका अङ्गहरू चम्किरहेका हुनेछन् । वजू गर्न सक्षम मुस्लिमको नमाज वजू बिना सही हुँदैन । त्यसैले प्रत्येक मुस्लिमले यसलाई सिक्नु जरुरी छ र सिक्नको लागि उत्सुक पनि हुनुपर्छ ।

यस पुस्तिकामा मैले तहारत (पवित्रता) र वजूको तरिकाबारे चर्चा गरेको छु । यसलाई कसरी गर्ने भनेर तपाईंले बारकोड स्क्यान गरेर भिडियो सामग्री मार्फत पनि हेर्न सक्नुहुन्छ ।


يجوز
1:32 / 7:17

مركز أصول
OsoulCenter
www.osoulcenter.com

CHAT & DECIDE

इस्लामको बारेमा विभिन्न भाषाहरूमा संवाद गर्नुहोस्

GUIDE TO ISLAM

इस्लामको बारेमा अधिक जानकारीको लागि

वजू इस्लाम धर्मको एउटा महत्त्वपूर्ण प्रतीक अनि अपवित्रताबाट पवित्र हुने र पापहरू मेटाउने माध्यम पनि हो भन्ने कुरा सबै मुस्लिमहरूलाई थाहा नै छ । मुस्लिमहरूलाई कयामतको दिन जब जीवित पारेर उठाइने छ, त्यसबेला उनीहरूका वजूका अङ्गहरू चम्किरहेका हुनेछन् । वजू गर्न सक्षम मुस्लिमको नमाज वजू बिना सही हुँदैन । त्यसैले प्रत्येक मुस्लिमले यसलाई सिक्नु जरुरी छ र सिक्नको लागि उत्सुक पनि हुनुपर्छ ।

यस पुस्तिकामा मैले तहारत (पवित्रता) र वजूको तरिकाबारे चर्चा गरेको छु । यसलाई कसरी गर्ने भनेर तपाईंले बारकोड स्क्यान गरेर भिडियो सामग्री मार्फत पनि हेर्न सक्नुहुन्छ ।

osoulcenter

9001

www.osoulcontent.org.sa

उसूल स्टोर (Osoulstore) मार्फत यो पुस्तक र अन्य पुस्तकहरू डाउनलोड गर्नको लागि :

OSOUL STORE

osoulstore.com